## नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)
## मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यप्रक्रिया, २०८२

धितोपत्रको मार्जिन कारोबारलाई सुरक्षित, पारदर्शी एवं व्यवस्थित बनाउन नेपाल धितोपत्र बोर्डको मार्जिन कारोबार सम्बन्धी निर्देशिका, २०८२ को दफा १४ बमोजिम नेपाल स्टक एक्सचेन्ज लिमिटेडले यो कार्यप्रक्रिया बनाई लागु गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यप्रक्रियाको नाम "मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यप्रक्रिया २०८२" रहेको छ।

(ख) यो कार्यप्रक्रिया नेपाल स्टक एक्सचेन्ज लिमिटेडले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यप्रक्रिया को प्रयोजनका लागि,

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ।

(ख) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ।

(ग) "नेप्से" भन्नाले नेपाल स्टक एक्सचेन्ज लिमिटेड सम्झनुपर्छ।

(घ) "सिडिएससि" भन्नाले सिडिएस एण्ड क्लियरिङ लिमिटेड सम्झनुपर्छ।

(ङ) "लगानीकर्ता वा ग्राहक" भन्नाले मार्जिन कारोबार सुविधामार्फत् कारोबार सदस्यसँग सम्झौता गरी सेयर कारोबार गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(च) "कारोबार सदस्य" भन्नाले नेप्सेको सदस्यता प्राप्त धितोपत्र दलाल र धितोपत्र व्यापारीलाई सम्झनुपर्छ।

(छ) "राफसाफ सदस्य" भन्नाले सिडिएससिले राफसाफ तथा फर्छ्यौट कार्य गर्न सदस्यता दिएको संस्था सम्झनुपर्छ।

(ज) "मार्जिन कारोबार (Margin Trading)" भन्नाले कारोबार सदस्य मार्फत तोकिएको मार्जिन राखी गरिने सेयर खरिदबिक्री गर्ने कार्यलाई सम्झनु पर्दछ।

(झ) "प्रारम्भिक मार्जिन (Initial Margin)" भन्नाले मार्जिन कारोबार गर्नु पूर्व लगानीकर्ताले कायम गर्नुपर्ने मार्जिन सम्झनु पर्दछ।

(ञ) "सम्भार मार्जिन (Maintenance Margin)" भन्नाले मार्जिन कारोबार पश्चात् लगानीकर्ताले



२०८२।१२।१२
कम्पनी सचिव

मार्जिन कारोबार खातामा कायम गर्नुपर्ने न्यूनतम मार्जिन सम्झनु पर्दछ ।

(ट) "मार्जिन कल (Margin Call)" भन्नाले मार्जिन कारोबारमा लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेमा कारोबार सदस्यले उक्त मार्जिन कायम गर्न लगानीकर्तालाई दिने जानकारी/सूचना सम्झनु पर्छ ।

(ठ) "मार्जिन कारोबार खाता (Margin Trading Account)" भन्नाले लगानीकर्ताले मार्जिन कारोबार सेवामार्फत् सेयर खरिद बिक्री गर्न कारोबार सदस्यकोमा खोलेको कारोबार खाता सम्झनु पर्छ ।

(ड) "मार्जिन कारोबार हितग्राही खाता (Margin Trading Demat Account)" भन्नाले लगानीकर्ताले मार्जिन कारोबार मार्फत् खरिद गरेको सेयर जम्मा हुने कारोबार सदस्यकोमा खोलिएको हितग्राही खाता सम्झनु पर्छ ।

(ढ) "मार्जिन ऋण (Margin Loan)" भन्नाले मार्जिन कारोबारका लागि कारोबार सदस्यले ऋण स्वरुप प्रदान गरेको रकमलाई सम्झनुपर्दछ ।

(ण) "खुद सम्पत्ति (Net Worth)" भन्नाले संगठित संस्थाको सेयरको चुक्ता पुँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुर्नमूल्याङ्कनवाट सिर्जित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

## परिच्छेद - २
## मार्जिन कारोबारका लागि अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र प्राप्त गर्नुपर्ने:** (१) मार्जिन कारोबार सुविधा उपलब्ध गराउन इच्छुक सदस्य दलाल व्यवसायीले नेप्सेबाट अनुमतिपत्र प्राप्त गर्नु पर्नेछ ।

(२) कारोबार सदस्यले मार्जिन कारोबार सुविधा उपलब्ध गराउन नेप्सेमा अनुसूची- १ मा उल्लेख भए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) मार्जिन कारोबार सुविधा प्रदान गर्न चाहने कारोबार सदस्यले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ :

(क) चुक्ता पुँजी न्यूनतम बिस करोड रुपैयाँ भएको,
(ख) राफसाफ सदस्यता प्राप्त गरेको,

(ग) निक्षेप सदस्य वा निक्षेप सदस्य सूचिकृत संगठित संस्थाको सेयरधनी रहेको वा सहायक सूचिकृत संगठित संस्थाको रुपमा रहेको कारोबार सदस्यको मुख्य सूचिकृत संगठित संस्थाले निक्षेप सदस्यता प्राप्त गरेको ।

(४) कारोबार सदस्यले बोर्डको अनुमतिपत्र र नेप्सेको सदस्यता लिएको हुनुपर्नेछ।



२०८२।१२।१२ कम्पनी सचिव

(५) मार्जिन कारोबार सुविधा प्रदान गर्ने सम्बन्धमा कारोबार सदस्यको सञ्चालक समितिले गरेको निर्णयलाई निवेदन साथ संलग्न गर्नु पर्नेछ।

४. **नेप्सेले जाँचबुझ गर्ने :** (१) नेप्सेले कारोबार सदस्यबाट मार्जिन कारोबार सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त गर्न दिएको निवेदन तथा संलग्न कागजातहरुको जाँचबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा कारोबार सदस्य मार्जिन कारोबार सुविधा उपलब्ध गराउन योग्य देखिएमा नेप्सेले आशयपत्र प्रदान गर्नेछ।

(३) नेप्सेले आशयपत्र प्रदान गरेपछि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा भएको व्यवस्था बमोजिमको कार्यको लागि नेप्सेले नेपाल राष्ट्र बैंक समक्ष सिफारिस गर्नेछ।

(४) कारोबार सदस्यले उपदफा (३) बमोजिमको नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृतिपत्र नेप्सेमा पेश गर्नुपर्नेछ।

५. **अनुमतिपत्र प्रदान गर्ने:** (१) कारोबार सदस्यबाट प्राप्त निवेदन तथा कागजात जाँचबुझ पश्चात रितपूर्वक देखिएमा नेप्सेले मार्जिन कारोबार सेवा उपलब्ध गराउने अनुमतिपत्र अनुसूची- २ को ढाँचामा प्रदान गर्न सक्नेछ र सोको जानकारी बोर्डलाई समेत गराउनेछ।

(२) कारोबार सदस्यबाट प्राप्त निवेदन तथा कागजात जाँचबुझ पश्चात रितपूर्वक नदेखिएमा नेप्सेले अनुमतिपत्र प्रदान गर्ने छैन तर अनुमतिपत्र दिन नसकेको कारणसहित सम्बन्धित कारोबार सदस्यलाई जानकारी दिनुपर्नेछ।

६. **अनुमतिपत्र नवीकरण:** (१) कारोबार सदस्यले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेप्सेमा रितपूर्वक निवेदन दिएर मार्जिन कारोबार सेवा उपलब्ध गराउने अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(२) कारोबार सदस्यले उपदफा (१) बमोजिम नवीकरण नगरेमा अनुमतिपत्र स्वतः खारेज हुनेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज भएको कारोबार सदस्यलाई एक वर्ष व्यतित नभएसम्म नयाँ अनुमतिपत्र प्रदान गरिने छैन।

७. **अनुमतिपत्र स्थगन तथा खारेजी:** (१) कारोबार सदस्यले यस कार्यप्रक्रियाको प्रतिकूल हुने गरी लगानीकर्ताको अहित हुने कार्य गरेको नेप्सेको छानविन तथा सुपरिवेक्षणबाट ठहर हुन आएमा कारोबार सदस्यलाई प्रदान गरेको मार्जिन कारोबार सुविधा उपलब्ध गराउने अनुमतिपत्र स्थगन वा खारेजी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम जुन कारणले अनुमतिपत्र स्थगन गरिएको हो सो कारण विद्यमान नरहेमा नेप्सेले स्थगन फुकुवा गर्न सक्नेछ। उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएमा कारोबार



२०८२।१२।१२ कम्पनी सचिव

सदस्यले मार्जिन कारोबार सुविधा प्रदान गर्न ग्राहकसँग गरेको सम्झौताबाट सिर्जित दायित्वबाट उन्मुक्ति पाउने छैन ।

## परिच्छेद- ३
## मार्जिन कारोबारयोग्य सेयर सम्बन्धी व्यवस्था

८. **कारोबार योग्य सेयरमा मार्जिन कारोबार सेवा दिनुपर्ने:** (१) नेप्सेले देहाय अनुसार तोकेको सूचिकृत संगठित संस्थाको सेयर मात्रै कारोबार सदस्यले ग्राहकलाई मार्जिन कारोबार सुविधा दिनु पर्नेछ :

(क) तत्काल कारोबार हुनसक्ने गरी कम्तिमा पच्चिस लाख कित्ता सेयर सर्वसाधारणमा जारी भई नेप्सेमा सूचीकृत भएको,

(ख) नेटवर्थ चुक्ता पुँजी बराबर वा सोभन्दा बढी भएको,

(ग) पछिल्लो तीन वर्षमा कम्तिमा दुई वर्ष खुद नाफा भएको,

(घ) प्रारम्भिक सार्वजनिक निष्कासन मार्फत् निष्कासन भएको सेयर सूचिकरण भएको कम्तीमा दुई वर्ष पूरा भएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि योग्यता सम्बन्धी शर्तहरु बोर्डको स्वीकृति लिई नेप्सेले समयसमयमा हेरफेर गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम योग्य सबै सूचिकृत संगठित संस्थाको सेयरमा मार्जिन कारोबार सुविधा प्रदान गर्न कारोबार सदस्य वाध्य हुने छैन ।

९. **सूची तयार गर्ने :** (१) नेप्सेले प्रत्येक आर्थिक वर्षका लागि दफा ८(१) बमोजिमको मार्जिन कारोबारयोग्य सूचिकृत संगठित संस्थाको सूची सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) मा तोकिए बमोजिम तयार गरिएको सूचीलाई नेप्सेले प्रत्येक आर्थिक वर्ष समाप्त भएको सात महिनाभित्र अद्यावधिक गर्नेछ ।

(३) उपदफा (२) अनुसार सूची अद्यावधिक गर्दा कुनै सूचिकृत संगठित संस्था मौजुदा सूचीवाट हट्न गएमा त्यस्तो सूचिकृत संगठित संस्थाका लागि प्रदान गरेको मार्जिन सुविधा तीस कारोबार दिन भित्र राफसाफ गर्नुपर्नेछ वा शत प्रतिशत मार्जिन कायम गर्नुपर्नेछ ।

(४) नेप्सेले समय समयमा दफा ८ (१) मा तोकिएका शर्त पूरा गर्ने सूचिकृत संगठित संस्थालाई समावेश गरी अद्यावधिक सूची प्रकाशित गर्न सक्नेछ ।

२०८२/१२/१२
कम्पनी सचिव

## परिच्छेद - ४

## मार्जिन कारोबार खाता, प्रारम्भिक तथा सम्भार मार्जिन सम्बन्धी व्यवस्था

**१०. मार्जिन कारोबार खाता खोल्नुपर्ने** : (१) लगानीकर्ताले मार्जिन कारोबार सुविधा उपयोग गर्नका लागि कारोबार सदस्य समक्ष मार्जिन कारोबार खाता खोल्न निवेदन दिनुपर्नेछ।

(२) कारोबार सदस्यले लगानीकर्ताबाट उपदफा (१) बमोजिमको निवेदन तथा बोर्डले तोके अनुसारको ग्राहक परिचय विवरण (KYC) प्राप्त गर्नुपर्नेछ।

(३) कारोबार सदस्यले उपदफा (१) तथा (२) बमोजिम निवेदन तथा ग्राहक परिचय प्राप्त गरेपश्चात लगानीकर्तासँग दफा १५ बमोजिमको सम्झौता गरी निजका नाममा मार्जिन कारोबारका लागि अलग्गै खाता खोली मार्जिन कारोबार सुविधा उपलब्ध गराउनुपर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनी कारोबार सदस्यको कारोबार प्रणालीमा रहेको लगानीकर्ताको कारोबार खाताबाट नै मार्जिन कारोबार सुविधा दिन सकिने अवस्था भएमा छुट्टै मार्जिन कारोबार खाताको आवश्यकता पर्ने छैन।

**११. प्रारम्भिक मार्जिनः** (१) लगानीकर्ताले मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद रकमको न्यूनतम तिस प्रतिशतले हुन आउने रकम कारोबार सदस्यले लगानीकर्तासँग प्रारम्भिक मार्जिन (Initial Margin) को रुपमा लिनु पर्नेछ।

(२) मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरिएको सेयर, मार्जिन रकम तथा सम्बन्धित ग्राहकको विवरण छुट्टाछुट्टै अभिलेख बनाई राख्नु पर्नेछ।

(३) मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद भएको सेयरको मूल्यांकन दैनिक रुपमा मार्क्ड टु मार्केट (Marked to Market) को आधारमा गर्नुपर्नेछ। तर उक्त सेयरको मूल्यमा भएको वृद्धिको आधारमा थप सुविधा दिन पाइने छैन।

(४) ग्राहकको जोखिम मूल्यांकन, बजारको अवस्था तथा सूचिकृत संगठित संस्थाको सेयरमा निहित जोखिमलाई दृष्टिगत गरी कारोबार सदस्यले उपदफा (१) मा उल्लिखित मार्जिनभन्दा बढी मार्जिन माग गर्न सक्नेछ।

**१२. सम्भार मार्जिनः** (१) कारोबार सदस्यले मार्जिन कारोबार सुविधा अवधिभर बजारको अवस्था तथा जोखिम हेरी लगानीकर्तासँग न्यूनतम बिस प्रतिशतले हुन आउने रकम सम्भार मार्जिन (Maintenance Margin) कायम राख्नुपर्नेछ।

**१३. मार्जिन कलः** (१) सेयरको बजार मूल्यमा हुने गिरावटका कारण मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरेको सेयरमा आवश्यक पर्ने सम्भार मार्जिन कायम गर्ने दायित्व लगानीकर्ताको हुनेछ।



२०८२।१२।१२
कम्पनी सचिव

(२) लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेको अवस्थामा कारोबार सदस्यले मार्जिन कल गर्नुपर्नेछ ।

(३) उपदफा (२) अनुसार मार्जिन कल गरेको अर्को कारोबार दिनको कारोबार शुरु हुनु अगाडी सम्बन्धित लगानीकर्ताले नगद वा मार्जिन कारोबारयोग्य सेयर जम्मा गरी कम्तिमा सम्भार मार्जिन कायम गर्नु पर्नेछ ।

(४) मार्जिन कल गरेको दोस्रो कारोबार दिनसम्म पनी सम्बन्धित लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेमा कारोबार सदस्यले सम्भार मार्जिन कायम गर्नका लागि आवश्यक पर्ने मार्जिन खाता अन्तर्गतका कुनै पनि सेयर बिक्री गर्न सक्नेछ ।

(५) यस कार्यप्रक्रिया अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मार्जिन कल गरेपश्चात कुनै पनि समयमा मार्जिन खातामा लगानीकर्ताको मार्जिन पन्ध्र प्रतिशत वा सो भन्दा कम भएमा कारोबार सदस्यले लगानीकर्ताको मार्जिन कारोबार खातामा सम्भार मार्जिन कायम गर्न आवश्यक पर्ने सेयर बिक्री गर्न सक्नेछ । यसरी धितोपत्र बिक्री गर्दा कारोबार सदस्यलाई लगानीकर्ताको अनुमति आवश्यक पर्ने छैन् ।

(६) उपदफा (५) को अवस्था र मार्जिन कर्जाको भाखा समाप्त भई नवीकरण नभएको वा नगद भुक्तानी गरी मर्जिन कर्जा चुक्ता नगरेको अवस्थामा बाहेक कारोबार सदस्यले अन्य कुनै कारणले मार्जिन खातामा रहेका सेयर बिक्री गर्न सक्ने छैन ।

(७) लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेमा कारोबार सदस्यले लगानीकर्तासँग उक्त मार्जिन कायम गर्न आवश्यक रकम बराबरको धितोपत्र बजारमा सूचिकृत "ए", "बी" र "जी" वर्गमा रहेका संगठित संस्थाको सेयर धितोको रुपमा लिन सक्नेछ । उक्त सेयरको मूल्य गणना गर्दा बजार मूल्यको साठी प्रतिशतले हुन आउने मूल्यलाई मात्र गणना गर्नुपर्नेछ ।

(८) मार्जिन खाता अन्तर्गत रहेका सेयरमा सूचीकृत संगठित संस्थाहरुले बोनस सेयर जारी गर्ने भएमा दाखिल खारेज बन्द (Book Close) पश्चात् मार्जिन खाताको वास्तविक मार्जिन गणना गर्दा उक्त सेयरले प्राप्त गर्ने बोनस सेयरलाई बजार मूल्यको आधारमा गणना गर्नुपर्नेछ ।

(९) उपदफा (८) बमोजिमको अवस्थामा प्राप्त हुने बोनस सेयर स्वतः धितो बन्धकमा जानेछ ।

(१०) हकप्रद सेयरका सम्बन्धमा कारोबार सदस्यले देहाय अनुसार गर्नुपर्नेछ :

(क) मार्जिन खाता अन्तर्गत रहेका सेयरमा सूचीकृत संगठित संस्थाको विषेश वा साधारण सभाले हकप्रद सेयर जारी गर्ने भएमा कारोबार सदस्यले हकप्रदको अनुपात हेरी उक्त धितोपत्रहरुको लागि छुट्टै सम्भार मार्जिन तोक्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिमको कारणले सम्भार मार्जिन नपुग हुन आएमा सात कारोबार दिनको समय दिई सम्भार मार्जिन कायम गर्न कारोबार सदस्यले मार्जिन कल गर्न सक्नेछ । सात कारोबार दिनमा कारोबार सदस्यले तोकेको सम्भार मार्जिन कायम गर्न नसकेमा आठौ कारोबार



२०८१।१२।१२
कम्पनी सचिव

दिन पश्चात् वा दाखेलखारेज बन्द (Book Close) हुनुभन्दा पाँच दिन अगावै सम्भार मार्जिन कायम गर्नका लागि आवश्यक पर्ने मार्जिन खाता अन्तर्गतका कुनै पनि धितोपत्र बिक्री गर्न सक्नेछ ।

(११) मार्जिन खाता अन्तर्गत रहेका सेयरको कारोबार मर्जर, एक्युजिसन वा अन्य कुनै कारणले बन्द भएको अवस्थामा आवश्यकता अनुसार जोखिम हेरी कारोबार सदस्यले थप सुरक्षण माग गर्न सक्नेछ । यस सम्बन्धि व्यबस्था कारोबार सदस्यको कार्यप्रक्रियामा उल्लेख गर्नुपर्नेछ ।

(१२) मार्जिन कल पश्चात नगद वा थप सेयर जम्मा गरिएको मार्जिन खातामा रहेका सेयरको बजार मूल्य वृद्धि भई प्रारम्भिक मार्जिन भन्दा बढी हुन गएमा सम्बन्धित लगानीकर्ताले प्रारम्भिक मार्जिन भन्दा कम नहुने गरी थपिएको नगद वा सेयर फिर्ता लिन वा बिक्री गर्न सक्नेछ ।

(१३) सम्भार मार्जिन कायम गर्न लगानीकर्ताको नियमित हितग्राही खाताबाट मार्जिन कारोबार हितग्राही खातामा सेयर स्थानान्तरण गर्दा नियमानुसार शुल्क लाग्नेछ ।

(१४) कारोबार सदस्यले सेयर बिक्री पश्चात सम्बन्धित लगानीकर्तासँग हिसाव फछ्र्यौट गरी सोको जानकारी नेप्सेलाई गराउनु पर्नेछ ।

## परिच्छेद - ५
## कारोबार सदस्यको वित्तिय स्रोत तथा स्रोत परिचालनसम्बन्धी व्यवस्था

**१४. स्रोत तथा हिसाब किताबः** (१) कारोबार सदस्यले आफ्नै स्रोतबाट, बैंक तथा वित्तीय संस्थासँग ऋण लिएर र आफ्नो सेयरधनी वा सञ्चालकसँग सुरक्षण बिनाको ऋण (Unsecured Loan) लिएर मार्जिन कारोबार सुविधा प्रदान गर्न सक्नेछ ।
तर कारोबार सदस्यले सेयरधनी वा सञ्चालकसँग सुरक्षण बिनाको ऋण लिंदा प्रचलित सूचिकृत संगठित संस्था सम्बन्धी कानूनमा भएको व्यवस्था पालना गर्नु पर्नेछ ।

(२) कारोबार सदस्यले मार्जिन कारोबार सुविधा प्रदान गर्न बैंक तथा वित्तीय संस्थासँग लिएको ऋण र आफ्नो सेयरधनी वा सञ्चालकसँग लिएको सुरक्षण बिनाको ऋण कारोबार सदस्यको नेटवर्थको चार दशमलव पाँच गुणाभन्दा बढी हुनुहुँदैन ।

(३) कारोबार सदस्यले कुनै एक ग्राहकको नगद तथा सेयरलाई अन्य ग्राहकलाई मार्जिन कारोबार सुविधा प्रदान गर्न प्रयोग गर्न पाउने छैन ।

(४) कारोबार सदस्यले आफ्नो प्रमाणित नेटवर्थको पाँच गुणासम्म मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सक्नेछ ।



२०८२।१२।१२
कम्पनी सचिव

(५) कारोबार सदस्यले कुनै एक ग्राहक तथा निजको एकाघरका सदस्य वा सम्बद्ध संस्थालाई मार्जिन सुविधा प्रदान गर्दा कारोबार सदस्यले प्रदान गर्नसक्ने कुल मार्जिन सुविधाको बढिमा दस प्रतिशतभन्दा बढी मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सक्नेछैन ।

(६) कारोबार सदस्यले मार्जिन कारोबार सुविधा प्रदान गर्दा धितोपत्रानुसार लगानी विविधिकरणलाई समेत ध्यान दिनुपर्नेछ । कारोबार सदस्यले लगानीकर्ताहरुलाई आफ्नो कुल मार्जिन कारोबार सुविधा प्रदान गर्दा कुनै एक धितोपत्रमा दस प्रतिशतको सीमा नबढ्ने गरी मार्जिन कारोबार सेवा उपलब्ध गराउनु पर्दछ ।

## परिच्छेद - ६
## कारोबार सदस्य तथा लगानीकर्तासम्बन्धी व्यवस्था

**१५. सम्झौता गर्नुपर्नेः** कारोबार सदस्यले मार्जिन कारोबार सुविधा उपलब्ध गराउन लगानीकर्तासँग अनुसूची -३ मा उल्लिखित न्युनतम बुँदाहरु समावेश गरिएको ढाँचामा सम्झौता गर्नुपर्नेछ । यसरी सम्झौता गर्दा लगानीकर्ताले अर्को कारोबार सदस्यबाट मार्जिन कारोबार सुविधा लिएको भए सोको स्व:घोषणा गर्नुपर्नेछ।

**१६. लगानीकर्ताको साख मूल्यांकनः** सदस्य व्यवसायलीले लगानीकर्ताको पर्याप्त मात्रामा साख योग्यता अध्ययन गरी सन्तुष्ट भएको अवस्थामा मार्जिन कारोबार सुविधा प्रदान गर्नुपर्छ । साख योग्यता मूल्यांकन सम्बन्धि व्यवस्था कारोबार सदस्यको कार्यप्रक्रियामा उल्लेख गर्नुपर्नेछ ।

**१७. भुक्तानी सम्बन्धी व्यवस्थाः** कारोबार सदस्यले मार्जिन सुविधा अन्तर्गत हुने रकमको भुक्तानी सम्बन्धी व्यवस्था कारोबार सदस्यको कार्यप्रक्रियामा उल्लेख गर्नुपर्नेछ ।

**१८. ब्याज तथा शुल्क सम्बन्धी व्यवस्थाः** कारोबार सदस्यले ब्याज तथा शुल्क सम्बन्धी व्यवस्थालाई आफ्नो कार्यप्रक्रियामा उल्लेख गर्नुपर्नेछ । कारोबार सदस्यले लगानीकर्तासँग लिने ब्याजदर तथा शुल्क दरलाई मासिक रुपमा अद्यावधिक गरी आफ्नो वेबसाईटमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद - ७
## अभिलेख, विवरण तथा राफसाफ सम्बन्धी व्यवस्था

**१९. अभिलेख राख्नुपर्ने :** (१) कारोबार सदस्यले मार्जिन कारोबारमा प्रयोग गरेको आफ्नो स्रोत तथा वाणिज्य बैंकबाट लिएको ऋण, आफ्नो सेयरधनी वा सञ्चालकसँग सुरक्षण विनाको ऋण, लगानीकर्ताले दिएको प्रारम्भिक तथा थप मार्जिन रकम, लगानीकर्ताले खरिद बिक्री गरेको सेयर, लगानीकर्तासँग लिएको ब्याज तथा सेवा शुल्क, आफूले भुक्तानी गरेको ब्याज तथा सेवा शुल्क आदिको विवरण छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ ।

(२) कारोबार सदस्यले मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरिएको सेयरको विवरण तथा

मार्जिन रकमको विवरण प्रत्येक लगानीकर्ता अनुसार छुट्टाछुट्टै अभिलेख बनाइ राख्नुपर्नेछ ।

२०. **मार्जिन कारोबारको राफसाफ सम्बन्धी व्यवस्था :** (१) कारोबार सदस्यले मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद भएको सेयर दैनिक रुपमा कारोबार गर्दा वा कारोबार पश्चात् वा राफसाफको समयमा पहिचान गरी राख्नुपर्नेछ ।

(२) कारोबार सदस्य (राफसाफ सदस्य) ले राफसाफ प्रयोजनका लागि केन्द्रीय निक्षेप कम्पनी (सिडिएससि)मा मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्नुपर्नेछ ।

(३) मार्जिन कारोबार गर्ने लगानीकर्ताको मार्जिन कारोबार हितग्राही खातालाई कारोबार सदस्य मार्फत खोलिएको मार्जिन कारोबार खाता र राफसाफ सदस्यको मार्जिन कारोबार राफसाफ हितग्राही खातासँग आबद्ध गर्नुपर्नेछ ।

(४) लगानीकर्तालाई मार्जिन कारोबार सुविधा प्रदान गर्दा कारोबार सदस्यले मार्जिन कारोबार खाता (Margin Trading Account) संचालन सम्बन्धी वारेसनामा लिन सक्नेछ ।

(५) लगानीकर्ताले मार्जिन कारोबार सुविधा वापत लिएको रकम तथा दायित्व चुक्ता नगरेमा वा यस कार्यप्रक्रिया बमोजिम सम्भार मार्जिन कायम गर्न नसकेमा सेयर बिक्री तथा राफसाफ गर्ने प्रयोजनका लागि मात्र उपदफा (४) बमोजिम लिइएको अधिकृत वारेसनामा कारोबार सदस्यले प्रयोग गर्नुपर्नेछ । यससम्बन्धी भएको कार्यको विवरण नेप्सेलाई जानकारी दिनुपर्नेछ ।

(६) मार्जिन कारोबार सुविधा अन्तर्गत भएको धितोपत्रको राफसाफ सम्बन्धी कार्य अन्य नियमित कारोबार सरह प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद -८
## विविध

२१. **सूचना सम्प्रेषण :** (१) कारोबार सदस्यले मार्जिन कारोबार सुविधा अर्न्तगत भएको कारोबारको विवरण अनुसूची-४ बमोजिमको ढाँचामा कारोबार भएको अर्को कारोबार दिनको मध्यान्ह १२ बजेसम्म नेप्सेलाई उपलब्ध गराउनुपर्ने छ र उक्त विवरण मासिक रुपमा बोर्डलाई समेत जानकारी गराउनु पर्नेछ ।

(२) हरेक दिन भएको मार्जिन कारोबार सुविधा अन्तर्गतको कारोबारलाई नेप्सेले अनुसुची- ५ को ढाँचामा अर्को कारोबार दिन सम्ममा आफ्नो वेबसाईट मार्फत सम्प्रेषण गर्नेछ ।

२२. **लेखा परीक्षण** : कारोबार सदस्यले मार्जिन कारोबार सुविधा अर्न्तगत कारोबार भएको सेयरको हिसाबकिताब तथा लेखा वार्षिक रुपमा लेखापरीक्षण गराई बोर्ड र नेप्सेलाई आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नुपर्नेछ ।

२३. **निरीक्षण तथा अनुगमन:** नेप्सेले कारोबार सदस्यले मार्जिन कारोबार सुविधा अन्तर्गत गरेका कामकार्वाहीको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

**२४. गुनासो तथा समस्याको समाधानः** (१) नेप्सेले मार्जिन कारोबार सुविधा अन्तर्गत भए/गरेका कामकार्वाही सम्बन्धी गुनासो अन्य नियमित कारोबार सरह व्यवस्थापन गर्नेछ।

(२) कारोबार सदस्यले मार्जिन कारोबार सुविधा अन्तर्गत भए/गरेका कामकार्वाही सम्बन्धमा लगानीकर्ताको गुनासो व्यवस्थापन गर्ने पर्याप्त व्यवस्था गर्नुपर्दछ।

(३) कारोबार सदस्य र लगानीकर्ताबीच कुनै विवाद सिर्जना भएमा सोको समाधान गर्ने व्यवस्था नेप्सेले गर्नेछ।

(४) लगानीकर्ताको मृत्यु भएमा यस सम्बन्धी दायित्व निजको हकवालामा हस्तान्तरण हुनेछ। निजको हकवालाले मार्जिन ऋण तथा सम्बन्धित अन्य दायित्वहरु चुक्ता गरेमा कारोबार सदस्यले सेयर मृतकको हितग्राही खातामा हस्तान्तरण तथा नगद बाँकी रहेमा मृतकको नाममा खाता दाखिला चेक जारी गर्नुपर्नेछ।

(५) मृतकको हकवलाले उपदफा (४) बमोजिमको दायित्व चुक्ता नगरेको परिस्थितिमा कर्जाको भाखा समाप्त भएमा वा मार्जिन कल गर्ने परिस्थिति आएमा कारोबार सदस्यले आफनो लेना रकम असुल उपर गर्ने हदसम्मको सेयर बिक्री गरी बाँकी रहेको सेयर मृतकको हितग्राही खातामा हस्तान्तरण तथा नगद बाँकी रहेमा मृतकको नाममा खाता दाखिला चेक जारी गर्नु पर्नेछ।

**२५. मार्जिन कारोबार सम्बन्धी अभिमुखीकरण** : कारोबार सदस्यले मार्जिन कारोबार सुविधा प्रदान गर्ने सम्बन्धी सम्झौता गर्नु पूर्व लगानीकर्तालाई अभिमुखीकरण गर्नुपर्नेछ।

**२६. खारेजी तथा बचाउ** : (१) मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यप्रक्रिया बमोजिम भए गरेको मानिनेछ।

**२७. व्याख्या गर्ने अधिकारः** यस कार्यप्रक्रिया कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भए सोको व्याख्या गर्ने अधिकार नेप्से सञ्चालक समितिमा हुनेछ।

२०८२/१२/१८

कम्पनी सचिव

अनुसूची -१

## दफा -३ (२) सँग सम्बन्धित कारोबार सुविधा उपलब्ध गराउने अनुमतिपत्रका लागि निवेदनको ढाँचा

मिति:

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

भद्रकाली, काठमाडौं ।

विषय : **अनुमतिपत्र प्रदान गर्ने बारे ।**

उपरोक्त सम्बन्धमा सदस्य व्यवसायी दलाल-नं. ......, (सूचिकृत संगठित संस्थाको नाम)........................... मार्जिन करोबार सुविधा उपलब्ध गराउन इच्छुक रहेकोले आवश्यक कागजात तथा अनुमतिपत्र शुल्क ........सहित मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यप्रक्रिया, २०८२ को दफा ३ (२) बमोजिम यो निवेदन पेश गरेको छु।

**कार्यकारी प्रमुख**

नाम : ...........................

दस्तखत:..................

कारोबार सदस्यको नाम : ..........................

ठेगाना:..................................................

फोन : ..................................................

ईमेल..........................................

**संलग्न कागाजातहरु**

१) नेपाल धितोपत्र बोर्डको नविकरण गरिएको अनुमतिपत्रको प्रतिलिपि

२) नेप्सेको नविकरण गरिएको सदस्यता प्रमाणपत्रको प्रतिलिपि

३) राफसाफ सदस्यता प्रमाणपत्रको प्रतिलिपि

४) निक्षेप सदस्यता प्रमाणपत्रको प्रतिलिपि

५) लेखा परीक्षकबाट प्रमाणित वित्तीय विवरण

६) कर चुक्ता प्रमाणपत्र वा कर दाखिला को निस्सा

७) मार्जिन कारोबार सुविधा उपलब्ध गराउने सम्बन्धमा सञ्चालक समितिको निर्णय ।

८) प्रबन्धपत्र/नियमावली (प्रबन्धपत्रमा मार्जिन कारोबार उपलब्ध गराउने सम्बन्धी उद्देश्य भएको हुनुपर्ने)

९) नेप्सेले माग गरेका अन्य आवश्यक कागजात तथा विवरणहरु



२०८२/१२/१२

कम्पनी सचिव

## अनुसूची -२

### दफा -५ सँग सम्बन्धित मार्जिन कारोबार गर्ने अनुमतिपत्रको ढाँचा

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**युएनआई, भद्रकाली, काठमाडौं ।**

**मार्जिन कारोबार सुविधा प्रदान गर्ने अनुमतिपत्र**

अनुमतिपत्र नं........

सदस्य दलाल नं........

............................मा मुख्य कार्यालय रहेको श्री ............................................................

लाई मार्जिन कारोबार सम्बन्धी आन्तरीक कार्यप्रक्रिया, २०८२ तथा अन्य प्रचलित कानूनको अधिनमा रही मार्जिन कारोबार सेवा उपलब्ध गराउन यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको बहाली................सम्म रहनेछ ।

**अनुमतिपत्र दिने पदाधिकारीको**

नाम:

पद:

दस्तखत:

मिति:

२०८२।१२।१८

कम्पनी सचिव

## अनुसूची -३

### दफा - १५ सँग सम्बन्धित कारोबार सदस्य र लगानीकर्ताबीच मार्जिन कारोबार सुविधाका लागि गरिने सम्झौतामा समावेश हुनुपर्ने न्युनतम बुँदाहरु

**१. लगानीकर्ताले कारोबार सदस्यलाई प्रदान गर्ने जानकारी तथा अख्तियारी**

क.कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको र प्रचलित कानून बमोजिम करार गर्न अयोग्य नरहेको ।

ख. सम्पर्क ठेगाना तथा ठेगाना परिर्वतन भएमा यथाशिघ्र जानकारी दिने विषय ।

ग. धितोपत्र निक्षेप खाता तथा बैंक खाता सञ्चालन सम्बन्धी विषय ।

**२. कारोबार सदस्यको जिम्मेवारी**

क. लगानीकर्ताको लागि कारोबार गरिदिए पश्चात उक्त कारोबारको राफसाफ गर्ने सम्बन्धी विषय ।

ख. लगानीकर्ताबाट मार्जिन कारोबार अन्तर्गत लिएको रकम अन्य प्रयोजनका लागि प्रयोग नगर्ने विषय ।

**३. मार्जिन कारोबार सुविधा**

क. लगानीकर्ताले मार्जिन ऋण सुविधा अन्तर्गत कारोबार गर्ने हो वा नियमित कारोबार अन्तर्गत छुट्याउने विषय ।

ख. मार्जिन कारोबार सुविधाका लागि उपलब्ध हुने रकम, अवधि, ब्याज तथा सेवा शुल्क सम्बन्धी विषय ।

ग. प्रारम्भिक मार्जिन, सम्भार मार्जिन, मार्जिन कल सम्बन्धी विस्तृत व्यवस्था ।

**४. मार्जिन कारोबारका लागि धितो**

क. मार्जिन कारोबार अर्न्तगत खरिद भएका सेयरहरु छुट्टै मार्जिन कारोबार हितग्राही खातामा राख्ने विषय ।

ख. बोनस तथा हकप्रद सेयरहरु मार्जिन ऋणको सुरक्षणमा रहने विषय ।

**५.सम्झौताको उल्लंघन र खारेजी**

क. के कस्तो अवस्थामा सम्झौता उल्लंघन हुने तथा खारेज हुने भन्ने विषय ।

ख. सम्झौता नवीकरण हुन सक्ने वा पुन: सम्झौता गर्ने विषय ।

**६. सूचना आदानप्रदान**



२०८२।१२।१२

कम्पनी सचिव

क. सम्झौतासँग सम्बन्धित कुनै पनि सूचना वा अन्य संचारहरु एक पक्षले अर्को पक्षलाई दिनुपर्ने विषय ।

ख. के कस्तो सूचना कुन माध्यमबाट लिने दिने भन्ने विषय ।

**७. ग्राहकको गोपनीयता**

अदालत, नियमनकारी निकायले मागेको अवस्था, कानूनी रुपमा आवश्यक परेको अवस्था तथा लगानीकर्ताले सहमति दिएको अवस्थामा बाहेक लगानीकर्ता तथा कारोबार विवरणको गोपनियता कायम राख्ने विषय ।

**८. प्रचलित कानून बमोजिम हुने**

बोर्ड, नेप्से तथा अन्य नियमनकारी निकायले दिएका निर्देशन सम्झौताको अंग हुने विषय ।

कम्पनी सचिव

## अनुसूची -४

### दफा - २१ (१) सँग सम्बन्धित कारोबार सदस्यले नेप्सेमा पेश गर्नुपर्ने दैनिक प्रतिवेदनको ढाँचा

सदस्य दलालको नाम: सदस्यता नं.

| लगानीकर्ताको नाम/संकेत नं. | स्थायी लेखा नं. | सूचीकृत संगठित संस्थाको नाम | सेयरको किसिम | सेयर संख्या | कारोबार सदस्यले लगानी गरेको रकम |
|---|---|---|---|---|---|
| | | | | | |

२०८२/१२/१२

कम्पनी सचिव

## अनुसूची -५

### दफा - २१ (२) सँग सम्बन्धित नेप्सेले सम्प्रेषण गर्नुपर्ने सूचनाको ढाँचा

| सूचीकृत संगठित संस्थाको नाम | सेयरको किसिम | कुल सेयर संख्या | सम्पूर्ण कारोबार सदस्यहरुले लगानी गरेको कुलर कम |
|---|---|---|---|
| | | | |

२०७८।१२।१२

कम्पनी सचिव